जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०

आर्थिक अभियान

शुक्रवार, १९ मंसिर २०७७ | Friday, 4 December 2020

# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
## Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं, फोन नं.: ०१-४४३४९२१/४४३४९२२

## Cloud Service/VPS सम्बन्धी सेवा लिन सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०८/१९)

यस वित्तीय संस्थाले ६१ जिल्लामा अवस्थित १५० वटा कार्यालय सञ्जाल मार्फत करिव २,५०,००० ग्राहक सदयहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ। वित्तीय संस्थाको थप क्षेत्र/जिल्लाहरुमा कार्यक्रम विस्तार गर्ने योजना समेत रहेको छ। हालै संस्थाको सबै कार्यालयहरुमा अनलाइन सफ्टवेयर जडान गरी सोही सफ्टवेयरबाट कारोबार संचालन भईरहेको छ। उक्त अनलाइन सफ्टवेयर संचालनको लागि Cloud Service/ Virtual Private Server (VPS) सेवा लिनुपर्ने भएकोले सो सेवा प्रदान गर्न इच्छुक फर्म/कम्पनीले निम्न शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. वित्तीय संस्थाको Cloud Service/Virtual Private Server (VPS) सेवाको लागि आवश्यक Resource र General Requirements संलग्न भएको बोलपत्र फारम वित्तीय संस्था केन्द्रीय कार्यालय सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौबाट रु.३,०००।- (अक्षरेपी तीन हजार रुपैयाँमात्र) पछि फिर्ता नहुने गरी नगद बुझाई प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र खरिद गर्न आउँदा फर्म/कम्पनी दर्ता, नविकरण समेतको प्रमाणपत्रको प्रतिलिपि सहित फर्म/कम्पनीको आधिकारीक पत्र लिई आउनुपर्ने छ।

३. वित्तीय संस्थाले तोकेको उक्त Resource र General Requirements बमोजिम हुनेगरी Cloud Service/ Virtual Private Server (VPS) सेवा के कति दर/रेटमा, मासिक/वार्षिक शुल्क/मूल्यमा (कर/भ्याट सहित/बाहेक) दिन सकिने हो, बोलपत्रमा अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ, यदि दररेटको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

४. सिलबन्दी बोलपत्र साथ प्रस्तावक फर्म/कम्पनीको (प्रोफाइल) विवरण, फर्म दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र, फर्म नविकरण दर्ता प्रमाणपत्रको प्रतिलिपी, हाल Cloud Service/ Virtual Private Server (VPS) सेवा प्रदान गरिरहेको संस्था/कम्पनीहरुको विवरण समेत उल्लेख गर्नुपर्नेछ।

५. इच्छुक फर्म/कम्पनीले मिति २०७७/०९/०५ गते ५:०० बजेसम्म खामको बाहिरपट्टी "**स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. Cloud Service/ Virtual Private Server (VPS)**" भनी उल्लेख गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंमा सिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ।

६. प्राप्त प्रस्तावहरु मिति २०७७/०९/०६ गते अपरान्ह ३:०० बजे वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंमा प्रस्तावकहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सिलबन्दी बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ। सम्बन्धित प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पुग्ने छैन।

७. बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको सामान्य सेवा विभाग, केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौंमा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

८. सिलबन्दी बोलपत्रहरुका साथ ९० (नब्बे) दिनको अवधीको इच्छुक फर्म/कम्पनीले प्रस्ताव गर्ने १ (एक) वर्षको अवधीको शुल्कको २.५ प्रतिशतले हुने रकम बराबरको रकमको बैक ग्यारेण्टी (Bid-Bond) वा सोही बराबरको रकम वित्तीय संस्थाको ग्लोबल आइएमई बैक कान्तिपथ चल्ती खाता नं. ०१०१०१००००५४८१ मा जम्मा गरेको सक्कल बैक भौचर संलग्न गर्नपर्नेछ।

९. म्याद नाघी वा रित नपुगी दाखिला भएका सिलबन्दी बोलपत्रहरुलाई कुनै मान्यता दिइने छैन।

१०. प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ।